# विशेष कृषि-मौसम सल्लाह बुलेटिन

**[Special Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी


**विशेषाङ्क-१** | **जारी मितिः १५ असोज, २०८२**

## मौसमी विश्लेषण


हालको मौसम विश्लेषण अनुसार नेपालमा मनसुन वायुको प्रभाव केही कमजोर रहेको भएता पनि बंगालको खाडीमा विकसित भएको न्यून चापीय प्रणाली भारतको ओरिसाबाट जमिनको भू-भागमा प्रवेश गरी मध्य भारततर्फ क्रमशः सर्ने भएको र सो न्यून चापीय प्रणालीको कारणले नेपालमा जलवाष्पयुक्त मनसुनी वायु प्रवेश गरी असोज १७ (एकादशी) का दिन बाट देशको खास गरी कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशसम्म मनसुनी गतिविधि सक्रिय हुने सम्भावना देखिएको छ। तसर्थ, नेपालमा यस वर्षको दशै अवधिभर मनसुनी वायुको प्रभाव रहि रहने देखिन्छ।

## असोज १७-१९ सम्मको मौसम पूर्वानुमानः


**असोज १७ (एकादशी) (October 3):** कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाड र तराई भू-भागका केही स्थानहरूमा तथा बाँकी प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना छ।



**असोज १८ (द्वादशी) (October 4):** कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका केही स्थानहरू हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरूमा भारी देखि धेरै भारी वर्षाको सम्भावना छ।




**असोज १९ (त्रयोदशी) (October 5):** कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरूमा भारी देखि धेरै भारी वर्षा र एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना छ।



# भारी / अति भारी वर्षाको समयमा कृषि कर्महरु गर्दा ध्यान दिनुपर्ने कुराहरु

- किसानहरुले कृषि कर्म गर्दा वर्षाबाट जोगिन विशेष सावधानी अपनाउनुहोस्।
- मनसुन सक्रिय रहने समयमा तरकारीबाली, फलफूल बगैंचा तथा पाक्न लागेका धान खेतहरुमा पानी निकासको उचित व्यवस्था गर्नुहोस्। विषादी छर्कने कार्य रोक्नुहोस्।
- खास गरेर नदी, खोला छेउमा स्थित संरचनाहरु (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्न सक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरु सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस्।
- जल तथा मौसम विज्ञान विभागबाट जारी हुने तीन दिने मौसम पूर्वानुमान बुलेटिन अध्ययन गरी सोही अनुसार व्यवस्थापन गर्नुहोस्।

- आगामी असोज १७-१९ सम्म मनसुन सक्रिय रहने देखिएकाले धानबालीमा हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागी
    - धान खेतबाट पानीको निकास राम्रोसँग गर्नुहोस्। खेतको गराको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।
    - नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मात्र धान काट्नुहोस्।
    - काटेर खेतमै छोडेको धानको पाँजोलाई अग्लो ठाउँ जस्तै आली कान्लामा सुकाउनुहोस्।
    - लडेको धानको बोटलाई बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बाला सुकाउनुहोस्।
    - भिजेको धानको बाला छिटो सुकाउन काटिसकेको धानको बालालाई नल (पराल) बाट छुट्याउनुहोस्।
    - चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिजाई पंखाको सहयोगले हावा दिई बेला-बेलामा धानलाई चलाई छिटो सुकाउने प्रबन्ध गर्नुहोस्।
    - भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी चिउरा र भुजा बनाई प्रयोगमा ल्याउनुहोस्।
- विभिन्न तरकारीबालीहरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुहोस्।
- वर्षातको समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस्। साथै घार राखेको सबै खुट्टाहरुमा कचौरा/प्लास्टिकको बट्टामा पानी राख्नुहोस्।
- पशुवस्तुलाई पानीमा भिज्नेगरी नराख्नुहोस्। साथै पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्नुहोस्। भिजेका, र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउनुहोस्। यस्तो अवस्थामा पशुवस्तुलाई पाचन प्रणाली, र श्वासप्रश्वास प्रणालीजन्य रोगका लक्षणहरु देखिन सक्ने हुँदा, सो बारेमा चनाखो भई पशुवस्तुहरुलाई अनुगमन गर्नुहोस्।
- चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्छ जसले गर्दा पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै बिष उत्पन भई पशुवस्तु मर्न सक्दछ। ढुसी लागेको, कुहिएको दाना वा परालमा अफ्लाटक्सिन बी१, बी२, जी१, जी२ नामक ढुसीका प्रजाति हुनसक्छन्, जसले दीर्घकालिन रुपमा पशु र मानिसलाई क्यान्सर गराउन सक्दछ।
- पानी परिरहेको, हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरुमा सुलसुले, जुम्रा जस्ता बाह्य परजिवीहरुको समस्या देखिने हुँदा दैनिक रुपमा खोरको अनुगमन गर्नुहोस्। यदि सुसलसुले जस्ता परजिवीहरु देखिएमा, बाह्य परजिवीनाशक विषादीहरु जस्तै- स्पिनोसाड, साईपरमेथ्रिन, वा एमिट्राज दक्ष प्राविधिकको सल्लाहमा आवश्यकता अनुसारले प्रयोग गर्नुहोस्।
- माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउनुहोस्।